**स्थानीय राजपत्र**

**चन्द्रपुर नगरपालिका द्धारा प्रकाशित**

**खण्डः १०** **संख्याः ३** **मितिः २०८३/०४/०८**

**भाग -१**

# चन्द्रपुर नगरपालिकाको नगर प्रहरी ऐन, २०८३

**स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम चन्द्रपुर नगरपालिकाको नगर कार्यपालिकाले पेश गरी नगर सभावाट स्विकृत गरेको ऐन सर्वसाधरणको लागि स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकासन गरीएको छ ।**

नगर सभामा पेश भएको मिति : २०८३/०३/१०
नगर सभाबाट स्वीकृत भएको मिति : २०८३/०४/०७
प्रमाणिकरण गरीएको मिति : २०८३/०४/०७
राजपत्रमा प्रकाशीत मिति : २०८३/०४/०८

**प्रस्तावनाः** चन्द्रपुर नगरपालिकामा नगर प्रहरी बलको गठन गर्न र त्यस बललाई नगरपालिकाका निर्णय कार्यान्वयनमा सुयोग्य बनाई नगरपालिकाको काम कारवाहीलाई थप प्रभावकारी बनाउन आवश्यक भएकोले नेपालको संविधानको धारा ५७ (४) र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चन्द्रपुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "चन्द्रपुर नगरपालिका नगर प्रहरी ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कार्यालय" भन्नाले चन्द्रपुर नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ख) "सभा" भन्नाले नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(ग) "नगरपालिका" भन्नाले चन्द्रपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "उप–प्रमुख" भन्नाले नगरपालिकाको उप–प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिकाले बनाएको नियमावली वा कार्यबिधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

## परिच्छेद–२
## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठन :** (१) नगरपालिकामा पदसोपानमा आधारित, अनुशासित, आदेशपालक, सेवामूलक, व्यवसायिक, कर्तव्यनिष्ठ नगर प्रहरी सेवा रहने छ ।

(२) सेवा करारको माध्यमद्वारा नगर प्रहरी अधिकृत र जवानहरुको पदपूर्ति हुनेछ ।

(३) उपनियम (३) बमोजिमको सेवा करार गर्दा सामान्यतया एक वर्षको लागि गरिनेछ । नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा एकपटकमा एक वर्षमा नबढ्ने गरि करार अवधि थप गरिनेछ ।

(४) कार्यपालिकाको निर्णय बमोजिम कार्यालयले सुरक्षा सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम स्थापित भएका संस्थासंग सम्झौता गरेर वा कार्यालय आफैले सार्वजनिक सूचना प्रकाशन गरि खुला प्रतिस्पर्धाको माध्यमबाट नगर प्रहरीको भर्ना गर्नेछ ।

(५) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन गर्नेछ । प्रमुख प्रशासकीय अधिकृतको आदेश पालना गर्नु नगर प्रहरी सहायक निरीक्षक र अन्य नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ । नगर प्रहरी सहायक निरीक्षकको आदेश पालना गर्नु अन्य नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

(६) नगर प्रहरी कर्मचारीले प्राप्त गर्ने मासिक तलब सेवा करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ । समान तहका नेपाल प्रहरीका कर्मचारीका लागि नेपाल सरकारले तोके भन्दा बढी हुनेगरि र न्यूनतम ज्यालादर भन्दा कम हुनेगरि नगर प्रहरी कर्मचारीको तलब तोकिने छैन ।

(७) नगर प्रहरीले नेपाल प्रहरीका समान दर्जाका कर्मचारीले पाए सरहको रासन र कार्यालयले तोके बमोजिमको पोशाक, बुट, जुत्ता र बन्दोबस्तीका सामान पाउनेछ। लाठी बाहेकका हतियार उपलब्ध गराइने छैन।

(८) सम्झौतामा उल्लेख भए बाहेकको सेवा सुविधा दावी गर्न नपाउने शर्त उल्लेख गरेर मात्र सेवा करारको सम्झौता गरिनेछ।

## परिच्छेद–३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**४. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार :** (१) प्रमुख प्रशासकीय अधिकृको आदेश वा निर्देशन बमोजिम नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) नगरमा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा, व्यवस्थापन,

(घ) नगरको बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(च) सार्वजनिक, ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(छ) नगरपालिकाको क्षेत्रहरुमा हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध जनशक्ति, दमकल र अन्य श्रोत साधन सहित तत्काल परिचाचालित हुने,

(ज) विपद् सम्बन्धी घटनाहरुमा परिचाचालित भई तत्काल खोजी, उद्धार, राहत तथा पुर्नस्थापना कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने,

(झ) अनधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्ने वा गाड्न लगाउने,

(ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) वडामा नगरपालिकाको अधिकारक्षेत्र भित्र पर्ने सार्वजनिक सम्पत्ति, सेवा तथा व्यवस्थापन सम्बन्धी सुरक्षा कार्यमा सहयोग गर्ने

(ड) सार्वजनिक आवागमनमा अबरोध हुनेगरि राखिएका निर्माण सामाग्री, पसल व्यवसायबाट भएको अवरोध हटाउने वा हटाउन लगाउने।

(ढ) परम्परादेखि चलिआएका बाजागाजा बाहेक अन्य व्यक्तिलाई बाधा हुनेगरी लाउड स्पिकर, रेडियो लगायत चर्को ध्वनी उत्पन्न गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने सम्बन्धमा कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने।

(ण) नगर कार्यपालिकाको कार्यालयका शाखा, उपशाखा तथा आयोजनाबाट प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको प्रगति विवरण तोकिएको समय भित्र उपलब्ध गराउने।

(त) कुनै फौजदारी प्रकृतिको घटना भएको वा हुन लागेको थाहा भएमा तुरुन्तै नजिकको नेपाल प्रहरीको कार्यालयमा जानकारी गराउने,

तर नगर प्रहरी कर्मचारीले मानिस पक्राउ गर्ने वा हिरासतमा राख्ने काम गर्ने छैन ।

(थ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्य गर्ने ।

**५. नगर प्रहरीमा रहने पदहरु :** (१) नगर प्रहरीमा देहायका संख्यामा देहायका पदहरु रहनेछन् ।

(क) नगर प्रहरी सहायक निरीक्षक एक जना

(ख) नगर प्रहरी हवलदार दुई जना

(ग) नगर प्रहरी जवान छ जना

(२) नगर प्रहरी सहायक निरीक्षकले नगर प्रहरी प्रमुखको रुपमा काम गर्नेछ ।

**६. प्रहरी कर्मचारीको छनौट सम्बन्धी योग्यता :** दफा ३ को उपदफा (४) बमोजिम देहायका योग्यता भएका नेपाली नागरिकहरु नगर प्रहरीका लागि योग्य हुनेछन् ।

(क) १८ वर्ष उमेर पूरा भई ४५ वर्ष उमेर पूरा नभएको ।

(ख) नेपाली सेना वा नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपालमा कम्तिमा तीन वर्ष सेवा गरेको वा भारतीय सेना वा बेलायती सेनामा कम्तिमा पाँच वर्ष काम गरेको,

(ग) नगर प्रहरी सहायक निरीक्षकको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको, अन्यको हकमा एसईई वा सो सरह उत्तीर्ण भएको ।

(घ) कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(ङ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(ज) अन्य कुनै कारणले सरकारी सेवाको लागि अयोग्य नरहेको ।

**७. पदपूर्ति समिति :** (१) पदपूर्ति समिति देहाय बमोजिम हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) रौतहट जिल्ला प्रहरी कार्यालयको प्रमुख वा निजले तोकेको नेपाल प्रहरीको अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) कार्यालयको प्रशासन शाखाको प्रमुख - सदस्य सचिव

(२) पदपूर्ति समितिको कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

(३) पदपूर्ति समितिको बैठकमा आवश्यकतानुसार तीन जना सम्म विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) पदपूर्ति समितिको बैठकका सदस्यहरुले नियमानुसार बैठक भत्ता पाउनेछन् ।

**८. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) दफा ३ को उपदफा (५) बमोजिम कार्यालय आफैले पदपूर्ति गर्ने प्रयोजनका लागि परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने,

(ख) पदपूर्तिको कार्यतालिका बनाउने, परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(ग) अन्तिम परीक्षाको नतिजा प्रकाशन गर्दा उमेदवारहरुले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम कायम गर्ने,

(घ) परीक्षामा सफल भएका उमेदवारलाई सेवा करारमा नियुक्तिका लागि सिफारिस गर्ने,

(ङ) खण्ड (ग) बमोजिम नियुक्तिका लागि सिफारिस भएका उमेदवारले पन्ध्र दिनभित्र नियुक्ति लिन नआएमा सिफारिस नभएका मध्ये योग्यताक्रममा सबैभन्दा अगाडी रहेका उमेदवारलाई सेवा करारमा नियुक्तिका लागि सिफारिस गर्ने,

(ङ) दफा ५ को उपदफा (१) बमोजिम कार्यालयले नगर प्रहरी कर्मचारी पदपूर्ति गर्दा सम्पूर्ण पदलाई शतप्रतिशत पद मानी कम्तिमा तेत्तीस प्रतिशत महिला हुनेगरी पदपूर्ति गर्नुपर्नेछ ।

## परिच्छेद–४

## आचरण

**९. दान, उपहार तथा चन्दा लिन नहुने :** (१) नगर प्रहरीले कार्यालयको पूर्व स्वीकृति विना कसैबाट कुनै प्रकारको दान, बकस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन ।

(२) नगर प्रहरी कर्मचारीले कार्यपालिकाको पूर्व स्वीकृति विना कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा भाग लिन हुँदैन ।

**१०. सम्पत्तिको विवरण पेश गर्नुपर्ने :** नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीस दिन भित्र तोकिएको ढाँचामा कार्यालयमा सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ । कानुन बमोजिम निजको सम्पत्ति विवरण गोप्य राखिनेछ ।

**११. व्यापार व्यवसाय गर्न नहुने :** नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृति नलिई कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन । पूर्व स्वीकृति दिने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१२. कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुने** : नगर प्रहरी कर्मचारीले कर्तव्यको पालना गर्दा प्राप्त गरेका कानुन बमोजिम प्रकाशन गर्न बाधा नपर्ने वाहेकका कुराहरु आफ्नै वा काल्पनिक नामबाट अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई प्रकाशन, प्रसारण वा जानकारी गराउनु हुँदैन ।

**१३. नगरपालिकाको आलोचना :** नगर प्रहरी कर्मचारीले नगरपालिकाको नीतिको विपरीत अथवा नगरपालिकामा आँच आउने गरी विचार व्यक्त गर्ने संवाद, लेख, रचना प्रकाशन गर्नुहुँदैन ।

**१४. राजनीतिमा र निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको गतिविधिमा भाग लिन वा निर्वाचनमा भाग लिन वा मत माग्न वा राजनीतिक दल वा उमेदवारको तर्फबाट अन्य कुनै प्रकारले कसैलाई मतदानमा प्रभावमा पार्न हुँदैन ।

**१५. समय पालन र नियमितता :** नगर प्रहरीको सम्पूर्ण समय कार्यालयको अधिनमा रहनेछ। नगर प्रहरी सहायक निरीक्षकले डिउटी तालिका निर्धारण गरि प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराई नगर प्रहरी कर्मचारीलाई डिउटीमा खटाउनेछ।

**१६. अनुशासन र आज्ञापालन** : (१) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नुपर्नेछ।

(३) नगर प्रहरी कर्मचारीले एकात्मक आदेश प्रणालीमा रही कार्यसम्पादन गर्नुपर्नेछ।

**१७. बाहिरी प्रभावमा पार्न नहुने** : नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न हुँदैन।

**१८. लैंगिक संवेदनशील हुनुपर्ने :** नगर प्रहरी कर्मचारी लैंगिक विषयमा संवेदनशील रहनुपर्नेछ।

**१९. हातपात वा जोरजुलुम गर्न नहुने :** नगर प्रहरी कर्मचारीले कर्तव्य पालनको सिलसिलामा बाहेक कसैमाथि कुनै प्रकारको बल प्रयोग गर्नु हुँदैन। मानवअधिकारको सम्मान गर्दै शिष्ट र सभ्य तरिकाले कर्तव्य पालना गर्नुपर्छ। कसैमाथि हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन।

## परिच्छेद–५

## सजाय र पुनरावेदन

**२०. सजाय** : (१) यस ऐन बमोजिम र प्रचलित कानुन विपरीत हुने गरि कुनै काम गरेमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सक्नेछः–

(क) पाँच दिन सम्मको तलब कट्टी गर्ने।

(ख) लापरबाहीको कारण नगरपालिकालाई हानि नोक्सानी भएको ठहर भएमा बिगो बमोजिमको रकम असुल उपर गरिनेछ,

(ग) सेवा करार सम्झौता रद्द गर्ने।

(२) नगर प्रहरी कर्मचारीलाई सजाय गर्नुपूर्व निजले गरेको कसूर र प्रस्तावित सजाय उल्लेख गरेर सात दिनभित्र स्पष्टीकरण पेश गर्न सफाईको मौका दिनुपर्नेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक ठानेमा नगर प्रहरी कर्मचारीले गरेको कसूर सम्बन्धमा छानविन गरि प्रतिवेदन पेश गर्न कार्यालयको कुनै अधिकृतलाई तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको सजायमा चित्त नबुझ्ने प्रहरी कर्मचारीले सजाय पाएको पन्ध्र दिनभित्र प्रमुख मार्फत कार्यपालिकामा पुनरावेदन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको पुनरावेदनमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

(६) यस दफा बमोजिम सजायका लागि छानविनका क्रममा कुनै नगर प्रहरी कर्मचारीले आफू विरुद्धको प्रमाण नष्ट गर्नसक्छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा बढीमा एक महिनासम्म निलम्बन गर्न सक्नेछ।

(७) उपनियम (६) बमोजिम निलम्बन भएको अवधिभर नगर प्रहरी कर्मचारीले आधा तलब पाउनेछ। रासन र अन्य सुविधा पाउने छैन। आरोपित कसूर पुष्टि नभएमा निलम्बन अवधिको बाँकी तलब र अन्य सुविधा पाउनेछ।

## परिच्छेद–६
## बिदा

**२१. बिदा** : (१) नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजिको बिदा पाउनेछन्। बिदामा बसेको अवधिको पूरा तलब पाइनेछ।

(क) काम गरेको प्रत्येक महिनाको एक दिन भैपरि आउने र पर्व बिदा

(ख) काम गरेको प्रत्येक महिनाको एक दिन विरामी बिदा

(ग) आफ्नो संस्कार अनुसार आफै किरियामा बस्नु पर्ने भएमा पन्ध्र दिन किरिया बिदा पाउनेछ। त्यस्तो बिदा बस्नुपर्ने कारण सिर्जना भएमा तुरुन्तै कार्यालय वा आफूभन्दा माथिको कर्मचारीलाई लिखित वा मौखिक जानकारी गराउनुपर्नेछ।

(घ) सेवा अवधिभरमा बढीमा दुई पटकमा नबढ्ने गरि प्रत्येक पटक नब्बे दिन प्रसुती बिदा पाउनेछ।

(ङ) सेवा अवधिभरमा पुरुष कर्मचारीले बढीमा दुई पटकमा नबढ्ने गरि प्रत्येक पटक १५ (पन्ध्र) दिन प्रसुती स्याहार बिदा पाउनेछ।

(च) नगर प्रहरी कर्मचारीले शनिवार लगायतका सार्वजनिक बिदाका दिनमा समेत नियमित रुपमा सेवा गर्नुपर्नेछ।

(छ) खण्ड (च) बमोजिमको सार्वजनिक बिदाका दिनमा सेवा गरेवापत एक महिनामा तीन दिनमा नबढ्ने गरि एक वर्षमा बीस दिन सट्टा बिदा पाउनेछ।

(२) बिदा सहुलियत हो, अधिकार होईन।

(३) नगर प्रहरी कर्मचारीले प्रमुख प्रशासकीय अधिकृतबाट बिदा स्वीकृत नगराई कार्यालय वा काममा अनुपस्थित हुनु हुँदैन। नगर प्रहरी सहायक निरीक्षक बाहेकका नगर प्रहरी कर्मचारीले नगर प्रहरी सहायक निरीक्षक मार्फत बिदाको निवेदन पेश गर्नुपर्नेछ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिमको बिदा मौखिक स्वीकृति गराउन सकिनेछ।

(५) बिदा स्वीकृत नगराई कार्यालय वा काममा अनुपस्थित भएमा सो अवधिको तलब र अन्य सुविधा दिइनेछैन।

(६) नगर प्रहरी कर्मचारीले एक वर्षमा पकाएको बिदा सञ्चित रहेमा अर्को वर्षमा स्थानान्तरण हुनेछैन।

(७) सात दिनभन्दा बढीको विरामी बिदा लिनु पर्ने भएमा चिकित्सकको प्रेस्क्रिप्सन पेश गर्नुपर्नेछ।

**२२. सार्वजनिक बिदा गाभिने :** भैपरी आउने र पर्व बिदा वाहेक अरु बिदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो बिदाको अवधिमा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक बिदाको अवधि पनि निज कर्मचारीले लिएको बिदा वा सो बिदा बाँकी नभएमा लिन पाउने अरु बिदामा वसेको मानिनेछ । अरु बिदा सञ्चित नरहेको भएमा कार्यालयमा अनुपस्थित भएको अवधिको तलबभत्ता कट्टी गरिनेछ ।

## परिच्छेद–७
## विविध

**२३. पुरस्कार तथा प्रोत्साहन :** नगर प्रहरी कर्मचारीहरुले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय प्रसंशनीय कार्य गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई पाँच दिन सम्मको तलब बराबरको रकम पुरस्कार तथा प्रोत्साहन वापत उपलब्ध गराउन सकिनेछ ।

**२४. चाडपर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

**२५. बाधा अड्काउ फुकाऊ :** (१) नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले गरेको निर्णयलाई छ महिनाभित्र अनुमोदनका लागि नगरसभामा पेश गर्नुपर्नेछ । नगरसभाबाट अनुमोदन भएमा कार्यपालिकाको उपदफा (१) बमोजिमको निर्णयलाई यसै ऐनको अंग मानिनेछ ।

**२६. नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले
बद्रीराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत